## तमसूक वा ऋणपत्रहरूमा वा भर्पाइहरूमा लाग्ने टिकट दस्तूर

| | | |
|---|---|---|
| हरएक ने. रू. १० देखि २५ सम्ममा ने. रू. | – | – ।२० |
| " " २५ देखि माथि ५० सम्म " | – | – ।५० |
| हरेक ने. रू. ५० देखि माथि १०० सम्म ने. रू. | | – १। |
| " " १०० " " २०० " " | – | – १।५० |
| " " २०० " " ५०० " " | – | – २। |
| " " ५०० " " १००० " " | – | – ३। |

पहिलो ने. रू. १००० देखि माथि जतिसुकैमा पनि

हरेक हजारसम्ममा – – – ने. रू. २।

उपरोक्त दरमा जिन्सी प्राप्त गर्दा धान मुरी १ को ने. रू. २५। र धान मन १ को ने.रू. १६। को दरले हिसाब गरिनु पर्छ । आय टिकटको व्यवस्था नभइञ्जेल हुलाक टिकट प्रयोग गर्न सकिनेछ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय मालपोत विभागको
## सूचना

श्री ५ को सरकारले जारी गरेको निम्नलिखित आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सामयिक कर असूल ऐन २०१२ को दफा३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छ ।

मुद्रण विभाग, सिंहदरबार

९६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालपोतको प्रचलित असमानतालाई हटाई सरकारी आयमासमेत वृद्धि गर्ने उद्देश्यले तराई तर्फ प्रति बिघा २०१८।१९ आर्थिक सालमा ने. रू. १० सम्म मालपोत कायम भएको जमीनको निमित्त यस आर्थिक वर्ष ०१९।२० देखि प्रति बिघा ने. रू. १५ मालपोत कायम गरिएको छ र ने. रू. १० भन्दा बढी मालपोत दर कायम भएका जमीनमा प्रति बिघा मालपोत दर ने. रू. २० कायम गरी असूल गरिने छ । उपत्यका र पहाडतर्फ ०१७।०१८ को आर्थिक सालमा लागेको मालपोतमा ४० प्रतिशत वृद्धि गरी असूल गरिनेछ । जिन्सीको नगदीमा बुझाउने भाउ ने. रू. १ को धान ५ पाथी कायम गरिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ मन्त्रालय ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले जारी गरेको निम्नलिखित सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अन्तःशुल्क ऐन २०१५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो सूचना जारी गरेको छ ।

नेपाल अधिराज्यभित्रका फैक्टरी मील, कारखानामा तयार तथा उत्पादन गरिने पदार्थ-हरूमा साविक लागिआएको अन्तःशुल्क खारेज गरी २०१९ साल श्रावण ९ गतेदेखि निम्न-लिखित पदार्थमा निम्नलिखित दरले अन्तःशुल्क लगाइने र असूल उपर गरिने छ ।

| | | |
|---|---|---|
| (१) | सलाईः– ४० काँटी भएको बट्टामा प्रति ग्रुस ने. रू. – – – | २।८० |
| | ४१ कांटिदेखि ५० कांटीसम्मको बट्टाहरूमा प्रति ग्रुस ने. रू. – | ४। |
| | ५१ कांटिदेखि ४६० कांटिसम्मको बट्टामा प्रति ग्रुस ने. रू. – | ४।७० |
| | यसदेखि बाहेकमा प्रति हजार कांटिमा ने. रू. – – | ।६५ |
| (२) | चुरोटः– प्रति हजार चुरोटमा ने. रू. – – – | ।२० |
| (३) | चिनी र मिश्रीमा प्रतिमन ने. रू. – – – | ३।५० |
| (४) | चिनी खाडसरीमा प्रतिमन ने. रू. – – – | १।५० |
| (५) | कपडामा प्रति गज ने. रू. – – – – | ।०१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५६

(६) मदिराः–महुवा भट्टी ठेक्कामा दिएको बाहेक डिष्टिलरीहरूबाट, उत्पादन (तयार) भएको मदिराहरूमा एक्स फैक्टरी प्राइसमा ९० नब्बे प्रतिशत अन्तःशुल्क लागेकोछ ।

आज्ञाले–
(डा. यादवप्रसाद पन्त)
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय कर विभागको

## सूचना

सामयिक कर असूल ऐन ०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छ ।

देशभरमा सरलताको सिद्धान्त तथा प्रशासनको दृष्टिबाट सबै किसिमका आयहरूमा एकै प्रकारको कर लगाउनु न्यायसंगत भएकोले आजदेखि व्यापार मुनाफा र पारिश्रमिक कर तथा शहरी क्षेत्रको घर जग्गाको करमा बहालमा दिएको घरलाई ५० प्रतिशत थप कर लाग्नेसमेत खारेज गरिएको छ । हाम्रो प्रशासनको व्यवस्था र न्यायोचित दृष्टिबाट समेत विचार गरी यस आर्थिक वर्षदेखि व्यापक आय कर ( Comprehensive Incom Tax ) लगाइएको छ । यो कर सबै किसिमको आय माथि लाग्ने छ र करको दर गत आर्थिक वर्षसम्म लागेको पारिश्रमिक तथा व्यापार मुनाफा कर बमोजिम ठेकिएको छ । उद्योग व्यवस्थाबाट भएको मुनाफामा उक्त दरले लाग्ने करमा सयकडा २५ रियाही दिइएको छ ।

(१) शहरी क्षेत्रको घर जग्गामा र विदेशी लगानीमा करको

तालिका

| १<br>घर जग्गाको मोल र विदेशी लगानीको मूल्य | | २<br>करको दर प्रति हजार ने. रू. मा |
|---|---|---|
| पहिलो ने. रू. | ५०,००० | केही नलाग्ने |
| त्यसपछि ने. रू. | १०,००० | ने. रू. १। |
| " " | १०,००० | ने. रू. २। |
| " " | १०,००० | ने. रू. ३। |
| " " | १०,००० | ने. रू. ४। |
| " " | १०,००० | ने. रू. ५। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| " | " | १०,००० | ने. रू. ६। |
| " | " | जतिसुकैमा पनि | ने. रू. ७। |

(२) व्यापक आय करको

तालिका

| (१) व्यापक आय | (२) करको दर |
|---|---|
| ने. रू. ७,००० मा | केही नलाग्ने |
| त्यसपछिको ने. रू. ४,००० मा | ५ प्रतिशत |
| " " ४,००० मा | ६ " |
| " " ५,००० मा | ७ " |
| " " ५,००० मा | ८ " |
| " " १०,००० मा | ९ " |
| " " १५,००० मा | १० " |
| " " २५,००० मा | १२ " |
| " " २५,००० मा | १५ " |
| " " १००,००० मा | २० " |
| " " जतिसुकै पनि | २५ " |

आज्ञाले-

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव

अर्थ मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।